# सूची दर्ता गर्ने बारे सूचना ।

यस वित्तीय संस्थाको लागि आर्थिक वर्ष २०७९/८० मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरू आपूर्ति उपलब्ध गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृत प्राप्त गरेको अनुभवी तथा इच्छुक फर्म, कम्पनी, परामर्शदाता, सेवा प्रदायक वा सप्लायर्सहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । देहाय बमोजिमका सामाग्री आपूर्ति तथा सेवाहरू उपलब्ध गराउन इजाजत प्राप्त फर्म, कम्पनी एवं संस्थाहरू र दर्तावाल इच्छुक व्यक्तिहरूबाट प्रत्येक समूह खुल्ने गरी मौजुदा सूचीमा दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात संलग्न गरी दरखास्त दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

## आपूर्ति गर्नु पर्ने मालसामान तथा सेवाको विवरण

१. मसलन्द सामान छपाई सम्बन्धी कार्य, स्टेशनरी सामान, पत्रिका आपूर्ति सम्बन्धी कार्य, विभिन्न ब्रोसर, पत्रिका एवं पुस्तक डिजाइन तथा छपाई सम्बन्धी कार्य र फुटकर सामान आपूर्ति कार्य ।

२. फ्याक्स, फोटोकपी, कार्यालय सामानहरू, विभिन्न प्रकारका कम्प्यूटर, ल्यापटप, प्रिन्टर, एल.सि.डि., प्रोजेक्टर तथा कम्प्यूटर सफ्टवेर, यु.पि.एस., इन्भर्टर, जेनेरेटर, एसी, ब्याट्रीहरू, नविकरणीय उर्जा, इर्न्भटर, CCTV, Network and Connectivity सँग सम्बन्धित सामानहरू, विभिन्न प्रकारका इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामान आपूर्ति तथा सोको मर्मत सम्बन्धी कार्य ।

३. आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकट आपूर्ति कार्य ।

४. विभिन्न प्रकारका काठ तथा स्टील फर्निचर सामानहरू, सेफ, रूम पार्टीसन आदि मर्मत तथा आपूर्ति कार्य र पर्दा, सोफाको खोल कार्पेटिङ्ग आदि जस्ता फ्लोरिङ्ग तथा फर्निसिङ्ग सामानहरू मर्मत तथा आपूर्ति कार्य ।

५. विद्युत, आन्तरिक टेलिफोन विस्तार तथा मर्मत सम्बन्धी कार्य ।

६. पलम्बिङ्ग सम्बन्धी सामान आपूर्ति तथा सोको मर्मत सम्बन्धी कार्य ।

७. अग्नि नियन्त्रण तथा सुरक्षा सम्बन्धी उपकरणहरू तथा अन्य सामाग्रीहरू मर्मत तथा आपूर्ति कार्य ।

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठ्ठीपत्र ओसार पसार (कुरियर सेवा) कार्य र ट्रान्सपोर्ट सम्बन्धी कार्य ।

९. सवारी साधन, सवारी साधनका पार्टपुर्जा आपूर्ति तथा मर्मत कार्य ।

१०. विभिन्न प्रकारका सूचना तथा विज्ञापन उत्पादन प्रकाशन तथा प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी कार्य ।

११. सुरक्षा सेवा सम्बन्धी कार्य ।

१२. परामर्श वा सेवा सम्बन्धी कार्य ।

१३. सरसफाई तथा सरसफाई सामान आपूर्ति सेवा सम्बन्धी कार्य ।

१४. बीमा सेवा सम्बन्धी कार्य ।

१५. सफ्टवेयर ।

१६. खानेपानी आपूर्ति ।

१७. होडिङ्ग बोर्ड, साईन बोर्ड, फ्लेक्स साईन बोर्ड सम्बन्धी कार्यहरू ।

१८. निर्माण सम्भार ।

१९. विभिन्न प्राविधिक परामर्श सेवा ।

## दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू :

(१) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नवीकरण विवरण सहित) ।

(२) स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (मु.अ.करमा दर्ता हुन नपर्ने भएमा सो खुल्ने आधिकारिक कागजात) ।

(३) आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र ।

(४) कालो सूचीमा नपरेको र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र ।

(५) आवश्यकता अनुसार व्यवसायिक इजाजतपत्रको प्रतिलिपी ।

(६) संलग्न सूचीमा उल्लेखित सामान मध्ये उपर्युक्त फर्म, कम्पनी, सेवा प्रदायक वा सप्लायर्सले आपूर्ति, प्रदान, वा प्रवाह गर्ने वस्तु तथा सेवाको विवरण ।

(७) यस वित्तीय संस्थाको ढाँचा अनुसारको मौजुदा सूची दर्ता निवेदन (निवेदन www.skbbl.com.np) बाट प्राप्त गर्न सकिन्छ ।

## अन्य जानकारीहरू :

➢ माथि उल्लेखित एक वा एक भन्दा बढी वस्तु तथा सेवाको कारोबार गर्ने गरी एउटै फर्मको नाम दर्ता हुन आएमा त्यस्ता फर्महरूको कारोबारको कार्य क्षेत्र हेरी उपयुक्त ठहरिएका फर्महरूलाई मात्र सूचीकृत गरिने छ ।

➢ सूचीकरण गर्ने नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ र सूचीकृत भएका सबै फर्महरूलाई जानकारी गराउन वित्तीय संस्था बाध्य हुने छैन ।

➢ सूचीकृत फर्म वा कम्पनीले सन्तोसजनक सेवा प्रदान गर्न नसकेमा वा मालसामान दिन नसके विना सूचना सूचीबाट हटाउन सकिने छ । यस उपर कुनै कतै दावी विरोध गर्न पाईने छैन ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं,

फोन न. ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५